## वराहपोखरी गाउँपालिका, खोटाङको गाउँसभाको
## १८ औँ अधिवेशनमा
## गाउँपालिका उपाध्यक्ष श्री भुवलराज राई ज्यूद्वारा प्रस्तुत
## आर्थिक वर्ष २०८२।०८३ को

# योजना तथा बजेट संशोधन/थप-घट विषयको

# प्रस्तुतीकरण कार्यक्रम

वि.सं. २०८२ साल चैत्र १६ गते सोमबार

**वराहपोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाघखोरभन्ज्याङ, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

यस वराहपोखरी गाउँपालिका खोटाङको उपाध्यक्षको हैसियतले गाउँसभाको १८औं अधिवेशनमा चालु आ.व. २०८२।०८३ का बजेट तथा कार्यक्रम स्वीकृतीको लागि मिति २०८२।०३।१० मा भएको गाउँसभाको १७औं अधिवेशनबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुमध्ये विभिन्न शिर्षकहरुका बजेट तथा कार्यक्रमहरु संशोधन, थप-घट र परिवर्तन गर्ने विषयमा प्रस्तुत गरिरहँदा गौरवान्वित महसुस गरेको छु । यस विशेष अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा रुपान्तरण गर्ने क्रममा जीवन वलिदान गर्नुहुने सम्पूर्ण महान् शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत नेतागणहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका महान् नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

चालु आ.व. २०८२।०८३ को लागि विभिन्न कार्यक्रममा विनियोजन गरिएको रकम मिति २०८२।०३।१० गते भएको गाउँसभाको १७औँ अधिवेशनबाट स्वीकृत बजेट तथा कार्यक्रममा समावेश गर्दा तथा चालु आ.व. २०८२।०८३ को हालसम्मको आय-व्यय विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउँदछु ।

**आय तर्फ**

१. नेपाल सरकार समानिकरण अनुदान श्रोत तर्फ रु. ५ करोड ५९ लाख ९१ हजार ८ सय ५० रुपैया मात्र ।
२. नेपाल सरकार शसर्त अनुदान चालु तर्फ रु. १० करोड ३५ लाख १५ हजार रुपैया मात्र ।
३. नेपाल सरकार शसर्त अनुदान पुँजीगत तर्फ रु. ६३ लाख ७५ हजार रुपैया मात्र ।
४. नेपाल सरकार समपुरक अनुदान पुँजीगत श्रोत तर्फ रु. १ करोड ४० लाख रुपैया मात्र ।
५. नेपाल सरकार विशेष अनुदान पुँजीगत तर्फ रु. ३४ लाख ५० हजार रुपैया मात्र ।
६. प्रदेश सरकार समानिकरण अनुदान श्रोत तर्फ रु. ५० लाख ७० हजार ७ सय ५० रुपैया मात्र ।
७. प्रदेश सरकार समपुरक अनुदान पुँजीगत तर्फ रु. ८० लाख रुपैया मात्र ।
८. प्रदेश सरकार शसर्त अनुदान चालु तर्फ रु. १६ लाख १० हजार २ सय ५० रुपैया मात्र ।
९. प्रदेश सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. १६ लाख ९७ हजार १ सय २६ रुपैया १७ पैसा ।
१०. संघीय सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. ३ करोड ७९ लाख ९१ हजार १ सय ६५ रुपैया ५८ पैसा ।
११. आन्तरिक श्रोत तर्फ रु. ११ लाख रुपैया मात्र ।

चालु आ.व. २०८२।०८३ मा हालसम्म जम्मा रु. २३ करोड ८८ लाख १ हजार १ सय ४१ रुपैया ७५ पैसा कुल आम्दानी भएको देखिन्छ ।

**व्यय तर्फ**

१. नेपाल सरकार समानिकरण अनुदान श्रोत तर्फ रु. २ करोड ७५ लाख ८७ हजार ४ सय ५३ रुपैया २२ पैसा ।
२. नेपाल सरकार शसर्त अनुदान चालु तर्फ रु. ९ करोड ११ लाख ५३ हजार २ सय ७१ रुपैया ९४ पैसा ।
३. नेपाल सरकार शसर्त अनुदान पुँजीगत तर्फ रु. ३२ लाख ८६ हजार ९ सय ८९ रुपैया मात्र ।
४. नेपाल सरकार समपुरक अनुदान पुँजीगत श्रोत तर्फ रु. १ करोड ३० लाख ९१ हजार ५६ रुपैया ६२ पैसा मात्र ।
५. नेपाल सरकार विशेष अनुदान पुँजीगत तर्फ रु. २ लाख ७ हजार रुपैया मात्र ।

६. प्रदेश सरकार समानिकरण अनुदान तर्फ रु. २२ लाख ९१ हजार ६ सय ११ रुपैया २४ पैसा मात्र ।

७. प्रदेश सरकार शसर्त अनुदान चालु तर्फ रु. ५ लाख ६० हजार रुपैया मात्र ।

८. प्रदेश सरकार समपूरक अनुदान पुँजीगत तर्फ रु. ४७ लाख ७९ हजार २ सय ९ रुपैया मात्र ।

९. प्रदेश सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. ८ लाख ७४ हजार ४ सय ७१ रुपैया ०६ पैसा मात्र ।

१०. संघीय सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. ३ करोड ४ लाख ९ हजार ४ सय ५८ रुपैया २५ पैसा मात्र ।

११. आन्तरिक श्रोत तर्फ रु. ९ लाख रुपैया मात्र ।

चालु आ.व. २०८२।०८३ मा हालसम्म जम्मा रु. १७ करोड ५१ लाख ४० हजार ५ सय २० रुपैया ३३ पैसा कूल खर्च भएको देखिन्छ ।

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

चालु आ व २०८२।०८३ को गाउँसभाको १८औं अधिवेशनबाट तपसिल योजना शिर्षकहरुमा विनियोजित रु १ करोड ८ लाख ४० हजार रुपैयाबाट तपसिल बमोजिमका योजना शिर्षकहरुमा संशोधन, थप-घट तथा परिवर्तन गर्नको लागि गाउँसभा समक्ष प्रस्ताव पेश गरेको छु । सो प्रस्तावलाई अनुमोदन गरिदिन हुन अनुरोध गर्दछु ।

**<u>साविकका योजनाहरु</u>**

| सि नं | साविकको योजनाको शिर्षक | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | महिला दिवश कार्यक्रम | २५०००० | गाउँपालिकास्तरीय |
| २ | Local Transportation Master Plan | २०००००० | गाउँपालिकास्तरीय |
| ३ | वराहपोखरी ताल क्षेत्र विस्तृत परियोजना | १०००००० | गाउँपालिकास्तरीय |
| ४ | औषधी खरिद | ११००००० | गाउँपालिकास्तरीय |
| ५ | स्थानीय भत्ता | ७००० | गाउँपालिकास्तरीय |
| ६ | रेडक्रस वराहपोखरी शाखा | २००००० | गाउँपालिकास्तरीय |
| ७ | पदाधिकारी कल्याण कोष | १९३००० | गाउँपालिकास्तरीय |
| ८ | जिला तथा वित्तिय जोखिम मूल्यांकनका लागि आवश्यक नीति कार्यविधि तथा निर्देशिका निर्माण | ५२५००० | गाउँपालिकास्तरीय |
| ९ | अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम | ७५००० | गाउँपालिकास्तरीय |
| १० | राजश्व फिर्ता | १००००० | गाउँपालिकास्तरीय |
| ११ | उपाध्यक्षज्यू कार्यक्रम | १०००००० | गाउँपालिकास्तरीय |
| १२ | ५०% अनुदानमा दर्ता भएका फर्मलाई बंगुर खोर निर्माण कार्यक्रम | ५००००० | गाउँपालिकास्तरीय |
| १३ | ५०% अनुदानमा दर्ता भएका बंगुर फर्मलाई विर खरिद तथा वितरण कार्यक्रम | ३५०००० | गाउँपालिकास्तरीय |
| १४ | रुम्दु कोलबोटे सडक ट्र्याक ओपन | १०००००० | गाउँपालिकास्तरीय |
| १५ | कफि खेति विस्तार कार्यक्रम | ४००००० | गाउँपालिकास्तरीय |
| १६ | अकबरे खोर्सानी खेति विस्तार कार्यक्रम | १५०००० | गाउँपालिकास्तरीय |
| १७ | सुन्तला जात बगैँचा सुदृढीकरण कार्यक्रम | २५०००० | गाउँपालिकास्तरीय |
| १८ | मौरीपालन विस्तार कार्यक्रम | ३००००० | गाउँपालिकास्तरीय |

| सि नं | साविकको योजनाको शिर्षक | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १९ | स्वास्थ्य कार्यक्रम | ५०००० | १ नं वडास्तरीय |
| २० | मानेडाँडा-जिमिगाउँ सडक मोड सुधार तथा सईटार सडक ट्र्याक ओपन | ३००००० | १ नं वडास्तरीय |
| २१ | सावाखोला ग्याविन जाली निर्माण | १००००० | १ नं वडास्तरीय |
| २२ | महिला कार्याक्रम | ५०००० | १ नं वडास्तरीय |
| २३ | पाइप खरिद तथा वितरण | १५०००० | ३ नं वडास्तरीय |
| २४ | वरगाछी वालविकास कार्पेट तथा फर्निचर निर्माण | ५०००० | ४ नं वडास्तरीय |
| २५ | श्री भगवती मन्दिर मर्मत गोलिमा | ९०००० | ५ नं वडास्तरीय |
| २६ | पुमा राई साँस्कृतिक संवर्धन कार्यक्रम | ३००००० | ६ नं वडास्तरीय |
| २७ | खेलकुद कार्यक्रम | २००००० | ६ नं वडास्तरीय |
| २८ | कोल्टुङ ग्यावीन जाली | १५०००० | ६ नं वडास्तरीय |
| | **जम्मा** | **१०८४००००** | |

**नयाँ संशोधित तथा थप योजनाहरुको**

| सि नं | संशोधित/थप योजनाको शिर्षक | संशोधित/थप बजेट | कैफियत |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन तथा आर्थिक सहायता | ५००००० | गाउँपालिकास्तरीय |
| २ | पाँचकन्या मा वि को झ्यालढोका तथा प्लास्टर | ५००००० | गाउँपालिकास्तरीय |
| ३ | भोर्मा सिंचाई योजना | ३५०००० | गाउँपालिकास्तरीय |
| ४ | लसुने अटलपुर खोला अधुरो तारजाली योजना | ५००००० | गाउँपालिकास्तरीय |
| ५ | भुतेखोला सिँचाइ मर्मत | ५००००० | गाउँपालिकास्तरीय |
| ६ | इमिखिम वडा कार्यालय ग्राभेल | ३५०००० | गाउँपालिकास्तरीय |
| ७ | धाप्लाङ तामाङटोल सिँचाई योजना | ३००००० | गाउँपालिकास्तरीय |
| ८ | फेमाखोला देखि भदौरे मोडसम्म ग्राभेल | ७००००० | गाउँपालिकास्तरीय |
| ९ | घोरिङ्खा प्रहरी चौकी ग्राभेल | २५०००० | गाउँपालिकास्तरीय |
| १० | अनुदान फिर्ता | १००००० | गाउँपालिकास्तरीय |
| ११ | शंखेश्वरी मा वि वैकल्पिक विद्युत व्यवस्थापन | ७०००० | गाउँपालिकास्तरीय |
| १२ | ज्यू मा वि स्काउट | ८०००० | गाउँपालिकास्तरीय |
| १३ | वराहपोखरी बजारमा फ्री वाइफाइ तथा सि सि क्यामेरा व्यवस्थापन | १५०००० | गाउँपालिकास्तरीय |
| १४ | सिन्ताङ मोड मोटर बाट निर्माण | २००००० | गाउँपालिकास्तरीय |
| १५ | पत्रपत्रिका | २५०००० | गाउँपालिकास्तरीय |
| १६ | डुम्रे देवीथान निर्माण | ३५०००० | गाउँपालिकास्तरीय |
| १७ | बालकन्या मा वि कार्पेट खरिद | ५०००० | गाउँपालिकास्तरीय |
| १८ | स्थानीय पाठ्यक्रम निर्माण | २००००० | गाउँपालिकास्तरीय |
| १९ | पत्रकारिता आधारभूत तालिम | २००००० | गाउँपालिकास्तरीय |

| सि नं | संशोधित/थप योजनाको शिर्षक | संशोधित/थप बजेट | कैफियत |
|---|---|---|---|
| २० | फलफुल प्रशोधन आधारभूत तालिम | ४००००० | गाउँपालिकास्तरीय |
| २१ | सुनापातल डाँडा पैदल मार्ग निर्माणका लागि खाद्य सामाग्री व्यवस्थापन | १०५००० | गाउँपालिकास्तरीय |
| २२ | वराहपोखरी युवा क्लब सामाग्री व्यवस्थापन | २५०००० | गाउँपालिकास्तरीय |
| २३ | बङ्गुर पालन गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रम | १५००० | गाउँपालिकास्तरीय |
| २४ | बाख्रा पालन गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रम | १५००० | गाउँपालिकास्तरीय |
| २५ | माछा पालन गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रम | १५००० | गाउँपालिकास्तरीय |
| २६ | दर्ता भएका बंगुर फर्मलाई अनुदान कार्यक्रम | ६००००० | गाउँपालिकास्तरीय |
| २७ | Hoof Trimmer & Castration Bardizo Small खरिद तथा व्यवस्थापन | ८०००० | गाउँपालिकास्तरीय |
| २८ | व्यवसायिक बंगुर पालन तालिम | १२०००० | गाउँपालिकास्तरीय |
| २९ | भ्याक्सिन व्यवस्थापनको लागि Deep Freeze खरिद | ५०००० | गाउँपालिकास्तरीय |
| ३० | हाडे-डुडे मोटरबाटो ट्रयाक ओपन | ६००००० | गाउँपालिकास्तरीय |
| ३१ | रुम्दु साउने-ढुंगे बलौटे सडक ट्रयाक ओपन | ४००००० | गाउँपालिकास्तरीय |
| ३२ | ७५% मूल्य अनुदानमा कफि खेति विस्तार सहयोग कार्यक्रम | ४००००० | गाउँपालिकास्तरीय |
| ३३ | ७५% मूल्य अनुदानमा अकबरे खोर्सानी खेति विस्तार कार्यक्रम | १५०००० | गाउँपालिकास्तरीय |
| ३४ | सुन्तलाजात बगैँचा सुदृढीकरणका लागि सामाग्री खरिद तथा वितरण | २५०००० | गाउँपालिकास्तरीय |
| ३५ | मौरी पालन सम्बन्धी तालिम | १००००० | गाउँपालिकास्तरीय |
| ३६ | मौरी पालन विस्तार कार्यक्रम | २००००० | गाउँपालिकास्तरीय |
| ३७ | वडा कार्यालय, स्वास्थ्यचौकी, प्रहरी चौकी भवन निर्माणका लागि नि:शुल्क जग्गादाताहरुलाई सम्मान कार्यक्रम | ५०००० | १ नं वडास्तरीय |
| ३८ | तिल्खा मपला जिमिगाउँ ट्रयाक ओपन तथा मर्मत | २००००० | १ नं वडास्तरीय |
| ३९ | विद्युत सामाग्री खरिद तथा व्यवस्थापन | २५०००० | १ नं वडास्तरीय |
| ४० | पाइप खरिद तथा वितरण | १००००० | ३ नं वडास्तरीय |
| ४१ | विविध खर्च | ५०००० | ३ नं वडास्तरीय |
| ४२ | वरगाछी वालविकास कार्पेट तथा जस्तापाता खरिद | ५०००० | ४ नं वडास्तरीय |
| ४३ | श्री भगवती मन्दिर मर्मत गोलिमा | ५०००० | ५ नं वडास्तरीय |
| ४४ | विविध कार्यक्रम | ४०००० | ५ नं वडास्तरीय |
| ४५ | पुमा राई साँस्कृतिक संवर्धन कार्यक्रम | १५०००० | ६ नं वडास्तरीय |
| ४६ | खेलकुद कार्यक्रम | ३००००० | ६ नं वडास्तरीय |
| ४७ | वडा कार्यालयको भवन व्यवस्थापन | १००००० | ६ नं वडास्तरीय |
| ४८ | कोल्टुङ ग्रेड कटिङ | १५०००० | ६ नं वडास्तरीय |
| | **जम्मा** | **१०८४००००** | |

**अन्त्यमा,**

चालु आ.व. २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रममा थप गरिएका कार्यक्रम तथा विनियोजित रकम र चालु आ.व. २०८२।०८३ को लागि स्वीकृत गरिएका बजेट तथा कार्यक्रममा आवश्यक संशोधन, थप-घट तथा परिवर्तन गर्नका लागि आव्हान गरिएको गाउँसभाको यस १८औं अधिवेशनमा पाल्नुहुने सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरुबाट सल्लाह र सुझावका साथ छलफल पश्चात उल्लेखित कार्यक्रमहरु अनुमोदन गरिदिन हुन हार्दिक अनुरोध गर्दै विदा हुन चाहान्छु । धन्यवाद ॥